# चिङ्गाड गाउँपालिकाको विनियोजन ऐन, २०८३

चिङ्गाड गाउँपालिका

चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# चिङ्गाड गाउँपालिकाको विनियोजन ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. २

प्रमाणीकरण र प्रकाशन मितिः
२०८३।०३।०८

प्रस्तावनाः चिङ्गाड गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चिङ्गाड गाउँपालिकाको विनियोजन ऐन,२०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "सभा" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "वडा समिति" भन्नाले चिङ्गाड गाउँपालिका अन्तर्गतका वडा समितिलाई सम्झनुपर्छ।

(घ) "विषयगत शाखा" भन्नाले चिङ्गाड गाउँपालिका अन्तर्गतका विभिन्न शाखा, उपशाखा, कार्यालय, इकाई तथा अन्य प्रशासनिक इकाईलाई सम्झनुपर्छ।

(ङ) "सञ्चित कोष" भन्नाले चिङ्गाड गाउँपालिकाको सञ्चित कोषलाई सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालिकालाई सम्झनुपर्छ।

३. सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च र पुँजीगत खर्चको रकम समेत गरी जम्मा रू. ४४,४६,३३,०००।० (अक्षरेपीः चौवालीस करोड छयालीस लाख तेत्तीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा जम्मा रकमको २५ प्रतिशत रकम सार्न, निकासा र खर्च जनाउन सक्नेछ।

तर कार्यपालिकाले रकमान्तर गर्दा पुँजीगत शीर्षकबाट चालुगत शीर्षकमा रकमान्तर गर्न पाइनेछैन।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न, निकासा र खर्च जनाउन परेमा सभाको स्वीकृति लिनु पर्नेछ।

५. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको र प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कानून बमोजिम विनियोजन भएको रकम निकासा लिई खर्च गर्नुपर्नेछ।

६. नियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्ने: (१) यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियम, कार्यविधि, मापदण्ड र निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

## अनुसूची - १
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## सञ्चित कोषबाट आर्थिक वर्ष २०८३।०८४ मा विनियोजन हुने अनुमानित रकम

रू. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | ३२६६८१ | १०१९०५ | ० | ४२८५८६ |
| २. | विभिन्न कोषहरू | २५०० | १५०० | ० | ४००० |
| ३. | समपुरक रकम | १००० | ११०४७ | ० | १२०४७ |
| | कुल जम्मा रू. | ३३०१८१ | ११४४५२ | ० | ४४४६३३ |

छिन्ताङ गाउँपालिका